# हरिनास गाउँपालिका, गाउँ कार्यपालिकाको ४२औं कार्यपालिका बैठक

मितिः २०८३/०२/२९
समयः ११:०० बजे
स्थानः हरिनास गाउँपालिकाको बैठक कक्ष

**कार्यपालिका बैठकका प्रस्तावहरूः**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा
२. बजेट अधिवेशन/गाउँसभा तयारी तथा योजना छनोट सम्बन्धमा
३. विषयगत समिति बैठक सम्बन्धमा
४. योजना सम्झौता सम्बन्धमा
५. ठेक्काको म्याद थप सम्बन्धमा
६. प्रशासकीय अदालतमा बहसनोट तयारी गरेबापतको रकम भुक्तानी सम्बन्धमा
७. पशुसेवा शाखाको योजनाका लागि लाभग्राही छनोट सम्बन्धमा
८. निजि वन दर्ता तथा शैक्षिक सम्मान कार्यविधि सम्बन्धमा
९. DPR Presentation
१०. विविध

**कार्यपालिका बैठकका निर्णयहरूः**

निर्णय नं.१.
अघिल्लो कार्यपालिका बैठकमा पेश भएका निर्णयहरूको समिक्षा गरियो। शाखाहरूको कार्य प्रगतिको बारेमा जानकारी लिइ यस आ.वको कार्यक्रम समय सिमा भित्र सम्पन्न गर्नका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.२.
बजेट अधिवेशन/गाउँसभा मिति २०८३/०३/०८ गतेका दिन बिहान १० बजे आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं.३.
गाउँसभा तयारीका लागि विभिन्न विषयगत समितिहरुको बैठक मिति २०८३/०३/०५ गतेका दिन बिहान १० बजे गाउँपालिकाका बैठक कक्षमा बस्ने निर्णय गरियो ।

निर्णय नं.४.

यस आ.व. २०८२/८३ का योजना सम्झौताका लागि मिति २०८३/०३/२० सम्म सम्पन्न गर्न सक्ने भनी सिफारीस भएका योजनाहरु सम्बन्धित वडाबाट सिफारीस भई आएमा योजना सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ५.

पालिका समक्ष म्याद थपका लागि निवेदन पेश भएका तपसिलका ठेक्काहरुको म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.स. | ठेक्काको नाम | म्याद रहेको मिति | म्याद थप मिति |
|---|---|---|---|
| १ | Construction and upgrading of DagdiKulungkhola Badarbhanjhyang Bhiamd jodni sadak (toward ch H 900 to 2+250) | २०८३/०३/१६ | २०८३/०९/१६ |
| २ | Construction and upgrading of DagdiKulungkhola Badarbhanjhyang Bhiamd jodni sadak (Part -05) | २०८३/०३/१६ | २०८३/०९/१६ |
| ३ | Construction of ward level health center type 02 at ward -02 | २०८३/०३/१६ | २०८३/०९/१६ |
| ४ | The construction of Harinas water supply project ward -04 | २०८३/०१/२९ | २०८३/०९/१६ |
| ५ | Construction and upgrading of lalahi-majgaau-kerabari sadak | २०८३/०३/१६ | २०८३/०९/१६ |
| ६ | Construction and upgrading of Nakkaleythati deki siribfanda thulochur, sera phedi pyarsing hudai Gaunpalika karalaye jane bato | २०८३/०३/१६ | २०८३/०९/१६ |

निर्णय नं.६.

हरिनास गाउँपालिका वडा ४ स्थित श्री वाल सुधार आ.विका शिक्षक अशोक लम्सालले शिक्षक बढुवा सम्बन्धमा हरिनास गाउँपालिका शिक्षा शाखालाई विपक्षी बनाइ प्रशासकीय अदालतमा

परेको शिक्षक बढुवा मुद्दा सम्बन्धमा बहस नोट पेश गर्न सम्मानित अदालतबाट आदेश भएकोमा यस कार्यालयको तर्फबाट बहसनोट तयार गरे बापत समन ल फर्म पोखराका बरिष्ठ अधिबक्ता सुरेन्द्र थापा मगरलाई रकम रु.२५,०००/-अक्षेरेपि पच्चीस हजार रुपैयाँ मात्र भुक्तानी दिने निर्णय गरियो। पालिकालाई विपक्षी बनाइ पेश भएका मुद्दाहरुको कानूनी प्रतिरक्षा लगायत आवश्यक कार्य गर्नका लागि नेपालको ३ तहका अदालत तथा प्रशासकीय अदालतमा बहस पैरवी समेतका लागि अर्को व्यवस्था नहुदा सम्मको लागि उल्लेखित फर्मलाई कानुनी प्रतिरक्षाको लागि समन ल फर्म पोखराका बरिष्ठ अधिबक्ता सुरेन्द्र थापा मगरलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.७.

पशु सेवा शाखाबाट सिफारिस भई आएका तपसिल बमोजिका लाभाग्राहीहरुलाई बाख्रा प्रर्वद्धन कार्यक्रमको लागि छनोट गरियो ।

| क्र.स | फर्मको नाम | व्यक्तिको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | रिमना बाख्रा फर्म | बागधन राना | ४ | |
| २ | विपिन कृषि तथा पशुपन्छि फर्म | टोप ब. थापा | १ | |
| ३ | अर्चले बाख्रा फर्म | साल ब. राना | १ | |
| ४ | विशेष कृषि तथा पशुपन्छि फर्म | गुम्र ब.राना | १ | |
| ५ | राम कृष्ण तथा पशुपन्छि फर्म | केशरि माया मानन्धर | १ | |
| ६ | गुरुङ कृषि तथा पशालन फर्म | याम ब. गुरुङ्ग | ३ | |
| ७ | देविथान बहुउदेश्य पशुपन्छि तथा मौरि पालन फर्म | सुरज बहादुर घर्ति | ७ | |
| ८ | लक्ष्मि कृषि बाख्रा तथा कुखुरा फर्म | लक्मि लम्साल | ७ | |
| ९ | डिहि कृषि तथा पशुपन्छि फर्म | नर बहादुर थापा | ७ | |
| १० | सेभेन ब्रदर्श एकिकृत कृषि तथा पशुपन्छि फर्म | याम बहादुर थापा | ७ | |
| ११ | भुजेल बाख्रा फर्म | सोम बहादुर भुजेल | ७ | |
| १२ | सुवेदि कृषि तथा पशुपालन फर्म | सरिता सुवेदि | ६ | |
| १३ | | बल बहादुर भण्डारी | ३ | |
| १४ | गुर्जा कृषि तथा पशुपन्छि फर्म | दिल माया थापा | २ | |
| १५ | सिग्देल बाख्रा फर्म | ठाकुर सिग्देल | ३ | |

निर्णय नं.८

यस पालिकाबाट विभिन्न मितिमा पारित भइ हाल सम्म राजपत्रमा प्रकाशन नभएका तपसिलमा उल्लेखित कार्यविधिलाई स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

१. निजी/सामुदायिक वन दर्ता सम्बन्धी कार्यविधि २०८३
२. शैक्षिक सम्मान कार्यविधि २०८३

निर्णय नं.९.

परामर्श सेवा मार्फत खरिद पूरा भइ कार्यान्वयनमा रहेको पालिकाको सडक गुरुयोजनाको प्रराम्भिक प्रतिबेदनको विस्तृत आयोजना प्रतिवेदनको प्रस्तुतीकरण गरियो साथै उक्त प्रस्तुत परियोजना प्रतिबेदन उपर आवश्यक सुझाव दिने निर्णय गरियो।

निर्णय नं.१०.

जनतासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत वडा नं.४ मा सञ्चालन भएको ढाका बुनाइ कार्यक्रमका लागि जनजाति लक्षित कार्यक्रमबाट तालिमका लागि ढाका बुनाइका लागि आवश्यक पर्ने उपकरणहरु खरिद गरेको रकम भुक्तानी दिने र महिला लक्षित कार्यक्रमबाट तालिम वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

विविध नं.११(१.)

यस पालिकामा सञ्चालन भएका विभिन्न योजनाहरको प्रगतिको बारेमा निर्माण व्यवसायीहरुसँग छलफल गर्नुपर्ने भएको हुँदा आगामी कार्यपालिकाको बैठकमा सबै निर्माण व्यावसायिकहरूलाई बोलाउने निर्णय गरियो ।

विविध नं.११ (२.)

मिति २०८३/०१/११ गते परेको वडा नं.४ निवासी तेज बहादुर थापा (थापा कृषि,पशुपालन तथा मत्स्यपालन) को कुखुरा फर्ममा चटयाङ् परी ग्यास सिलिण्डर समेत विस्फोटन भइ कुखरा फर्ममा क्षति भएको हुँदा निवेदकको निवेदन र वडाको सिफारीस समेतको आधारमा राहत रकम स्वरुप हरिनास गाउँपालिकाको विपद् ऐन अनुसार रकम रु.५०,०००।— (अक्षरेपि पचास हजार रुपैयाँ मात्र ) भुक्तानी दिने निर्णय गरियो।

विविध नं.११ (३.)

अध्यक्ष कप तयारीका लागि प्रत्येक वडाका खेलाडी छनौट तथा व्यवस्थापन गर्नुपर्ने भएको हुँदा जनतासँग अध्यक्षबाट रकम भुक्तानी हुने गरी एक वडामा रु.२५,००० का दरले ७ वटा वडाका लागि रु.१,७५,००० रु. एक लाख पचहत्तर हजार रुपैयाँ भुक्तानी दिने निर्णय गरियो

विविध निर्णय नं.११ (४.)

१. पालिका तथा पालिकाका अन्तर्गतका विभिन्न कार्यालयहरुका लागि आवश्यक सामग्रीहरू खरिद गर्ने निर्णय गरियो।

२. ब्याट्री ब्याकअप खरिद कार्यका लागि अन्य सम्पत्तिहरुको सञ्चालन तथा मर्मत सम्भार शीर्षकबाट रु. ३,००,००० (अक्षरेपि तिन लाख मात्र) विनियोजन गरियो।

३. विपद् व्यवस्थापन तयारीका लागि सामग्री खरिद गर्न विपद् व्यवस्थापन कोष बजेट शीर्षकबाट रु.२,००,०००।–( अक्षरुपी दुइ लाख) विनियोजन गरियो।

४. वडा तथा पालिकाका लागि आवश्यक पर्ने प्रिन्टर तथा कम्प्युटर, मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चबाट भुक्तानी हुने गरि खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो।

५. व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरणका लागि दर्ता तथा नवीकरण प्रयोजनार्थ ७ वटै वडामा IRIS device खरिद गरि मसलन्द तथा कार्यालय सामाग्री शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

विविध निर्णय नं ११ (.५.)

LGPAS कार्यका लागि पालिकाको सामाजिक परिक्षण, तेस्रो पक्ष मूल्याँकन तथा दिगो विकासको स्थानीयकरण योजना निर्माण गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. ११ (६)

३६औं गाउँ कार्यपालिकाबाट करङ्गस्वारा खानेपानी योजन उपभोक्ता समिति हरिनास -४ र जगनाथ लिफ्टिङ्ग खानेपानी तथा सरसफाइ योजना हरिनास -६ को लागि आवश्यक सामग्रीहरु कोटेसन विधिबाट खरिद गर्ने भनि निर्णय भएको र उक्त कार्य सम्पन्न भई पालिकामा रकमा माग गर्न आएको हुँदा,

१. करङ्गस्वारा खानेपानी योजन उपभोक्ता समिति हरिनास -४ को रु.३,९८,७४८.७५ अक्षरुपी तिन लाख अन्ठानब्बे हजार सात सय अड्चालिस रुपैया पच्हत्तर पैसा मात्र

२. जगनाथ लिफ्टिङ्ग खानेपानी तथा सरसफाइ योजना हरिनास -६ को रकम रु.७,१०,७५६ अक्षरुपी सात लाख दश हजार सात सय छपन्न रुपैया मात्र (मूल्य अभिवृद्धि कर सहित) भुक्तानी खानेपानी तथा सरसफाई कार्यक्रमबाट दिने निर्णय गरियो।

विविध निर्णय नं.११ (७)

विभिन्न युवा क्लवद्धारा खेलकुद कार्यक्रम गरेवापतको रकम तपसिलका युवा कल्वहरुलाई निम्नानुसारको रकम जनतासँग अध्यक्ष कार्यक्रमबाट रकम भुक्तानी हुने गरी रु.८,००,००० ( अक्षरुपी रु.आठ लाख रुपैयाँ) भुक्तानी दिने निर्णय गरियो ।

भुक्तानि दिने निर्णय गरियो ।

| क्र.स. | युवा क्लवको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रोदय युवा क्लव | हरिनास -२ | रु.५०,०००।- | |
| २ | गौतमबुद्ध युवा क्लव | हरिनास -७ | रु.५०,०००।- | |
| ३ | जुनतारा युवा क्लव | हरिनास -२ | रु.५०,०००।- | |
| ४ | न्यु सुर्योदय युवा क्लव | हरिनास -२ | रु.१,००,०००।- | |
| ५ | नमुना युवा क्लव | हरिनास -२ | रु.५०,०००।- | |
| ६ | साहसी युवा क्लव | हरिनास -२ | रु.५०,०००।- | |
| ७ | जनजागरण युवा क्लव | हरिनास -६ | रु.५०,०००।- | |
| ८ | सिस्टर हुड युवा क्लव | हरिनास -५ | रु.५०,०००।- | |
| ९ | टाइगर ग्रुप अफ पोखरा | पोखरा | रु.१,००,०००। | |
| १० | सुर्यतारा क्लव पोखरा -२७ | पोखरा -२७ | रु.५०,०००।- | |
| ११ | मेलमिलाप युवा क्लव भिमाद | भिमाद | रु.१,००,०००। | |
| १२ | जनजागृति युवा क्लव | हरिनास -३ | रु.५०,०००।- | |
| १३ | श्री संयुक्त नागस्थान युवा क्लव | विरुवा | रु.५०,०००।- | |